# मष्टा गाउँपालिकाको गाउँसभाको चौधौं अधिवेशन

२०८३ साल असार १० गते बुधबार

गाउँपालिकाका उपाध्यक्ष श्री हर्क धामीज्यूले

प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०८३।८४ को

# बजेट वक्तव्य

मष्टा गाउँपालिका

२०८३

**सभाध्यक्षज्यू,**

१. यस मष्टा गाउँपालिकाको गरिमामय गाउँ सभाको चौधौं अधिवेशनमा गाउँपालिकाको उपाध्यक्षको हैसियतले आगामी आर्थिक बर्ष २०८३।८४ को बजेट प्रस्तुत गर्न उपस्थित भएको छु।
२. गाउँपालिकाको आगामी सोच एवं जनआकाङ्क्षा समेटिएको आर्थिक बर्ष २०८३।८४ को नीतिलाई कार्यक्रम र बजेटमार्फत व्यावहारिक रुपमा कार्यान्वयनमा ल्याउनका लागि नेपालको संविधानको धारा २३० अनुसार गाउँ सभाको चौधौं अधिवेशनमा आ.व.२०८३।८४ को आय र व्यय अनुमान प्रस्तुत गरिरहँदा अत्यन्त गर्वको महसुस गरेको छु।
३. यस महत्वपूर्ण अवसरमा देशको निम्ति बलिदान गर्ने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रदान्जली व्यक्त गर्दछु। साथै संघीय शासन पद्घतिलाई आत्मसात गर्दै राष्ट्रियता, स्वाधिनता, सामाजिक न्याय, समानता र समृद्दी प्राप्तिको लागि संघर्ष गर्नुहुने नेपाली जनता र सो अभियानका व्यक्तित्वहरुप्रति हार्दिक सम्मानभाव व्यक्त गर्न चाहन्छु।
४. यो बजेटले यस मष्टा गाउँपालिकाको जनअपेक्षालाई क्रमश: सम्बोधन गर्दै गाउँपालिकाको सामाजिक, आर्थिक, सांस्कृतिक, दिगो पूर्वाधार, सूचना प्रविधि, नवप्रर्वतन एवं उद्यमशिलता तथा विपद उत्थानशील विकासमा रणनीतिक महत्व राख्ने विश्वास लिएको छु।
५. **अब म गाउँपालिकाको वर्तमान वित्तीय अवस्थाको संक्षिप्त जानकारी प्रस्तुत गर्दछु।** चालु आ.व.२०८२।८३ को लागि कुल बजेट रु ४४ करोड ६० लाख ४३ हजार ९ सय १३ (पूरक बजेट तथा असार पहिलो हप्ता सम्मको थप अख्तियारी समेत) अनुमान गरिएको छ। जसमध्ये चालु शीर्षकमा रु ३३ करोड ५८ लाख ५६ हजार ९ सय १३ विनियोजन भएकोमा मिति २०८२ साल असार पहिलो हप्तासम्म रु २४ करोड ९१ लाख ५८ हजार ३ सय ६८ अर्थात ७४.१८ प्रतिशत र पुँजीगततर्फ रु १० करोड ९८ लाख ८७ हजार विनियोजन भएकोमा ५ करोड ४० लाख ३१ हजार ३ सय ४४ अर्थात ४९.१६ प्रतिशत गरी कुल खर्च जम्मा रु ३० करोड ३१ लाख ८९ हजार ७ सय १२ अर्थात ६८.०१ प्रतिशत खर्च भएको अवस्था छ ।

६. आन्तरिक आम्दानी तर्फ रु २५ लाख ५० हजार लक्ष्य रहेकोमा मिति २०८२ साल असार पहिलो हप्तासम्म रु १३ लाख ४५ हजार ३ सय १४ अर्थात ५२.७२ प्रतिशत आम्दानी भएको छ । साथै संघीय समानीकरण अनुदान रु ९ करोड ७० लाख र सूदुर पश्चिम प्रदेश सरकार समानीकरण अनुदान ८९ लाख ३३ हजार गरि रु १० करोड ५९ लाख ३३ हजार विनियोजन भएकोमा महालेखा नियन्त्रक कार्यालयको परिपत्र अनुसार संघ र प्रदेश गरि रु ९० लाख ५७ हजार २ सय ७२ रकम निकासा नहुने जानकारी प्राप्त भएको छ । यसको प्रत्यक्ष असर विनियोजन गरिएका पालिकाका योजना तथा कार्यक्रममा पर्ने देखिएको छ।

७. अव म आगामी आ.व.२०८३।८४ मा प्रस्ताव गरिएको बजेटका उदेश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमती चाहन्छु। बजेटका उदेश्यहरु निम्नानुसार प्रस्तुत गरिएको छ:

- गुणस्तरीय शिक्षा तथा स्वास्थ्यमा गाउँबासीको पहुँच बृद्धि गर्ने
- स्थानीय उत्पादनमा वृद्धि गरी कृषि तथा पशुपालन क्षेत्रको व्यवसायीकरण मार्फत उत्पादनमूलक रोजगारी सिर्जना गर्ने
- गाउँपालिका भित्र सडक यातायात तथा भौतिक पूर्वाधारको स्तरोन्नती गरी जनताको जीवनस्तर सहज बजाउने
- नवप्रवर्तन तथा उद्यमशिलता प्रर्वद्धन गर्ने
- सेवा प्रवाहमा पारदर्शिता, जवाफदेहिता एवं सूचना प्रविधिको प्रयोग मार्फत सुशासनको अनुभूति गर्ने
- लक्षित वर्गहरुको क्षमता अभिवृद्धि गरी लैंगिक तथा सामाजिक समावेशिकरणको विकास गर्ने

आ.व.२०८३।८४ को बजेटका प्राथमिकताका क्षेत्रहरु निम्नानुसार प्रस्तुत गरिएको छ:

- कृषि तथा पशुपालनको आधुनिकरण
- शिक्षा र स्वास्थ्य क्षेत्रको सुधार
- सडक तथा भौतिक पूर्वाधार निर्माण
- रोजगार प्रर्वद्धन र उद्यमशिलता प्रवर्धन
- उर्जा तथा सूचना सञ्चार प्रविधि

- पर्यटन प्रवर्द्धन तथा संस्कृति संरक्षण
- वन वातावरण तथा विपद व्यवस्थापन
- यूवा तथा खेलकुद विकास
- कर्मचारी प्रशासन सशक्तिकरण तथा जनशक्ति विकास

उल्लेखित उद्देश्य एवं प्राथमिकता कार्यान्वयन गर्न नेपाल सरकार ,सुदूर पश्चिम सरकार निजी तथा सहकारी क्षेत्र ,गैर सरकारी क्षेत्र ,स्थानीय संस्था तथा उपभोक्ता सम्बद्ध समितीहरु संग समन्वय एवं साझेदारी गरिनेछ।

**सभाध्यक्ष महोदय,**

**अब म गाउँपालिकाको आ.व.२०८३।८४ को कुल आय व्ययको अनुमानित विवरण यस गरिमामय सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

८. गाउँपालिकाको आ.व.२०८३।८४ को प्रस्तावित नीति तथा कार्यक्रम कार्यान्वयन गर्नको लागि अनुमानित बजेट **रु ५३ करोड ७४ लाख ८९ हजार** प्रक्षेपण गरेको छु। यसको लागि आन्तरिक आय रु २७ लाख ५० हजार , संघीय सरकार वित्तीय समानिकरण अनुदान रु ९ करोड ७८ लाख, ;संघिय सरकार शसर्त अनुदान रु २४ करोड १५ लाख, संघिय समपुरक अनुदान २ करोड ४८ लाख, विशेस अनुदान रु १ करोड, राजश्व बाँडफाड ८ करोड २५ लाख ८ हजार र प्रदेश सरकार वित्तिय समानिकरण रु ९० लाख ८४ हजार, विशेस अनुदान ८१ लाख ५० हजार, समपुरक अनुदान ८८ लाख ६५ हाजार, शसर्त अनुदान ५ करोड प्रदेश राजश्व बाँडफाँड २० लाख ३२ हजार रहने प्रक्षेपण गरिएको छु।

९. सामाजिक सुरक्षा लगायत अन्तर सरकारी अख्तियारी शीर्षकमा अनुमानित रु ८ करोड ९० लाख रहने प्रक्षेपण गरिएको छ। जसलाई अन्तर सरकारी अख्तियारी शीर्षकबाट नै खर्च तथा लेखाङ्कनको प्रबन्ध गरिने छ।

१०. अब म क्षेत्रगत कार्यक्रम तथा विनियोजन भएको प्रस्तावित बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु।

११. हरेक वडाको  सन्तुलित विकासका लागि सम्बन्धित वडास्तर बाट कार्यक्रम कार्यान्वयन हुने व्यवस्था मिलाईने छ। यसरी कार्यान्वयन हुने आयोजनाहरुको लागि एकमुष्ट रु २ करोड ५ लाख बजेट विनियोजन गरेको छु।

## कृषि तथा पशुपालन

१२. सबै वडामा स्थापना भएका कृषि तथा पशुपन्छी उपचार केन्द्रहरुबाट हुने सेवा प्रवाहलाई निरन्तरता दिदै कृषकको आवश्यकता अनुसार रासायनिक मल तथा उन्नत बीउको ढुवानीमा अनुदान र कृषि/ पशुपन्छीजन्य उत्पादन बढाउन आवश्यक बीउबिजन, विषादी, औषधी, खोप आपुर्तिका लागी रु २० लाख विनियोजन गरेको छु ।

१३. सरकारी तथा गैह्र सरकारी संस्थाहरु हेफर प्रोजवेक्ट नेपाल सँगको साझेदारीमा कृषि तथा पशुपालन क्षेत्रमा विभिन्न कार्यक्रमहरु (उत्पादन, संशोधन प्रशोधन ब्राण्डिङ्ग बजारीकरण यान्त्रिकरण र क्षमता विकास) सञ्चालन गरी युवा स्वरोजगार तथा उद्यमशील कार्यक्रम सञ्चालनका लागी रु १६ लाख विनियोजन गरेको छु ।

१४. स्वस्थ जीवनयापनका लागि विपन्न तथा दलित समुदाय, एकल महिला, सुनौलो हजार दिनका आमाहरुको पोषण सुधारका लागि कृषि तथा पशुपालनमा आधारित विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१५. पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना (NAFHA) मार्फत बाझो रहेको खेती योग्य जमिनको सदुपयोगका लागि स्थानीय हावापानी सुहाउदो फलफूल तथा तरकारी खेतीको विस्तारका बजेटको व्यवस्था गरेको छु ।

१६. आर्थिक शसक्तिकरणको लागि रैथाने बाली पशुपंक्षी तथा उद्यमशिललताको विस्तार तथा प्रवर्दन कार्यक्रम संचालन गर्न प्रदेश सरकार वित्तिय हस्तान्तरण बाट खर्च हुने गरी रु २५ लाख बजेट विनियोजन गरेको छु।

## संस्कृति तथा पर्यटन

१७. मष्टा गाउँपालिका भित्र रहेका धार्मिक तथा ऐतिहासिक धरोहरहरु, लोपन्मुख कला, संस्कृति, परम्परागत सामाजिक मुल्य मान्यताको उचित संरक्षण तथा सम्बर्द्धन गरी आन्तरिक तथा वाह्य पर्यटनलाई आकर्षित गर्न सार्वजनिक, निजि साँझेदारीमा पुरातात्विक तथा धार्मिक ऐतिहासिक महत्व वोकेको ढडार मष्टो माँणुको पुननिर्माण कार्य सम्पन्न गरिनेछ, साथै, मालिका पर्यटकीय पदमार्ग र तपवन स्नान स्थल तथा पदमार्ग निर्माण कार्य अघि वढाएको छ। यसको लागी रु ३० लाख विनियोजन गरेको छु ।

१८. आन्तरिक तथा वाह्य पर्यटन प्रवर्धनबाट स्वरोजगार सृर्जना गर्न पर्यटकीय गाउँ र सोही गाउँमा वसोवास गर्ने युवाहरुको पहिचान तथा परिचालन गर्दै उनीहरुको क्षमता अभिवृद्धि गर्ने कार्यक्रम तय गरेकोछु ।

## शिक्षा, युवा तथा खेलकुद

१९. उच्च शिक्षा हाँसिल गर्न चाहने सामुदायिक विद्यालयमा अध्ययन गरेका विपन्न तथा जेहेन्दार विद्यार्थीहरुको एमविविएस अध्ययन गर्न एमविविएस अध्ययन कोष संचालन गरिनेछ । उक्त कोषको लागि रु १० लाख बजेट विनियोजन गरेको छु ।

२०. विद्यालयमा नगदमा आधारित दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिइनेछ । साथै स्थानीय उत्पादनलाई दिवा खाजा कार्यक्रम सँग जोड्दै विद्यार्थीहरुको स्वास्थ्य तथा पोषणमा सुधारमा जोड दिएको छ । यस कार्यका लागि शसर्त अनुदान बाट खर्च हुने गरी रु ८० लाख बजेट विनियोजन गरेको छु।

२१. सरकारी तथा गैह्र सरकारी संस्थाहरुको साझेदारीमा विद्यालयमा भान्छा घर निर्माण, प्रारम्भिक तहको पढाई तथा कक्षा व्यवस्थापन, सुशासन र शैक्षिक गुणस्तर सुधारका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ । यसको लागी रु २५ लाख विनियोजन गरेको छु।

२२. पालिका स्तरीय राष्ट्रपति रनिङ्गसिल्ड तथा अध्यक्ष कप जस्ता खेलकुद प्रतियोगिताका साथै विद्यार्थीको प्रतिभा प्रस्फुटन गर्न अतिरिक्त क्रियाकलाप संचालनका लागि रु २० लाख विनियोजन गरेको छु ।

२३. एक वडा एक नमुना विद्यालय कार्यक्रमलाई निरन्तरता दिएको छ ।

**स्वास्थ्य तथा वहुक्षेत्रीय पोषण**

२४. स्वास्थ्य संस्थाबाट प्रवाह हुने सेवाको गुणस्तर, प्रभावकारिता, सर्वसुलभता तथा पहुँच अभिवृद्धि गर्दै अत्यावश्यक औषधीको नियमित आपुर्ति गर्नका लागी रु २० लाख विनियोजन गरिएको छ ।

२५. नागरिकको मौलिक हकको रुपमा रहेको आधारभुत स्वास्थ्य सेवालाई स्थानीय तहबाटै भरपर्दो र गुणस्तरीय बनाउन चालु आर्थिक वर्षमा यस पालिकामा १० सैयाको आधारभुत अस्पताल निर्माण प्रक्रिया लाई तुरुन्तै अगाडी बढाउने व्यवस्था मिलाएको छु। जसका लागि पहिलो किस्ता बाफत रु २ करोड बजेटको सुनिश्चितता भएको छ।

२६. नागरिकलाई सरल तथा सुलभ स्वास्थ्य सेवा प्रवाहका लागि मष्टा स्वास्थ्य चौकी र रिलु स्वास्थ्य चौकीको भवन निर्माण गरिनेछ। यसका लागी रु ७५ लाख रकमको व्यवस्था मिलाएको छु ।

२७. स्वास्थ्य संस्था स्वास्थ्य चौकी), आधारभूत स्वास्थ्य केन्द्र, सामुदायिक स्वास्थ्य इकाई तथा बर्थिङ सेन्टरको सुदृढीकरण (स्तरोन्नति तथा सेवा विस्तार गरी गुणस्तरीय, प्रभावकारी र सर्वसुलभ स्वास्थ्य सेवा सुनिश्चित गरिने छ। ।यसका लागि प्रदेश सरकार विशेस अनुदान अन्तरगत रु ३० लाख ५० हजार बजेट विनियोजन गरेको छु।

२८. जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरुका लागि घुम्ती तथा घरदैलो स्वास्थ्य सेवा सञ्चालन गरिनेछ। यसका लागि रु २ लाख वजेट विनियोजन गरेको छु ।

२९. मृगौंला प्रत्यारोपण, डायलाइसिस, क्यान्सर तथा मेरुदण्ड पक्षघात, नसर्ने रोग, मानसिक स्वास्थ्य समस्या, पाठेघरको मुखको क्यान्सर लगायतका रोगहरूको उपचार र अन्य आर्थिक सहयोगका लागी कुपोषण न्यूनीकरण गर्दै पोषणमैत्री वडा तथा स्थानीय तह निर्माण अभियान सञ्चालन गरिनेछ । शीघ्र कुपोषण व्यवस्थापन, बहुक्षेत्रीय पोषण कार्यक्रम, विद्यालय स्वास्थ्य परिक्षण, पोषण मूल्याङ्कन तथा स्वास्थ्य शिक्षा कार्यक्रमलाई निरन्तरता दिएको छु ।

३०. स्वास्थ्य, खानेपानी स्वच्छता, महिला तथा बालबालिकाको पोषण सूधार बहुक्षेत्रीय पोषण योजना लक्षित पोषण संवेदनशिल तथा पोषण विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

३१. जोखिमयुक्त गर्भवती तथा सुत्केरीका लागि निःशुल्क एम्बुलेन्सको व्यवस्था गरिने छ। विपन्न नागरिकलाई मुटुरोग, मृगौला रोग, क्यान्सर, पार्किन्सस, अल्जाईमर्स, स्पाईनल इन्ज्युरी, हेड इन्ज्युरी आदिको लागि गाउँपालिकाले प्रदान गर्दै आएको आर्थिक सहायता कार्यक्रमलाई निरन्तरता दिइएको छ । यसका लागी रु ७ लाख विनियोजन गरेको छु ।

## सामाजिक सुरक्षा

३४.नेपाल सरकारले उपलव्ध गराएको सामाजिक सुरक्षा भत्ता वितरणका लागि बैंक सम्म खाता खोल्न आउने समस्यालाई मध्यनजर गर्दै वडा कार्यालयमै गएर खाता खोल्ने अभियानलाई निरन्तरता दिनुका साथै बायोमेट्रिक भेरिफिकेसन अनिवार्य भएकाले घुम्ति शिविर मार्फत टोलमै गएर सेवा दिईनेछ ।

३५.अपाङ्ग र अति अशक्त जेष्ठ नागरिकहरुलाई वडा कार्यालयको सिफारिसमा घरदैलोमा सामाजिक सुरक्षा भत्ता वितरण गर्ने व्यवस्था मिलाउने कार्यलाई निरन्तरता दिएको छ । यी कार्य गर्नका लागी रु ५ लाख बजेट विनियोजन गरेको छु ।

३६.आमा बुबा नभएका ६ वर्षदेखि १६ वर्ष उमेर समुहका टुहुरा वालवालिकाको पठनपाठनको सहजता तथा सुनिश्चिताका लागि मासिकरुपमा भत्ता उपलव्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ । यसका लागी रु ५ लाख बजेट विनियोजन गरेको छु ।

३७.गाउँपालिका भित्रका ४० देखि ६८ वर्षका विदुर पुरुषहरुको तथ्याङ्क अद्यावधिक गरी उनीहरुलाई मासिकरुपमा एकल पुरुष तथा विदुर भत्ता उपलव्ध गराउने कार्यलाई निरन्तरता दिइएको छ । यसका लागी रु १० लाख बजेट विनियोजन गरेको छु ।

३८.

## लैंगिक समानता, महिला सशक्तीकरण र सामाजिक समावेशीकरण

३४.समाजमा विद्यमान बालविबाह, बहुविबाह, छाउपडी प्रथा महिला हिंसा तथा सामाजिक कुरिति विरुद्ध विभिन्न जनचेतनामूलक तथा अन्तरक्रिया सञ्चालन गरिनेछ ।

३५.गाँउपालिकामा लैंगिक हिंसा निवारण तथा एकल महिला संरक्षण कोष संचालन र परिचालन गरिने छ । यसका लागि आवस्यक बजेटको व्यवस्था गरेको छु।

३९.किशोरकिशोरीहरुको क्षमता अभिवृद्धि गर्न गाँउपालिकामा किशोरी सम्मेलन गरी समाजिक कुरितीको अन्त्य गरिने छ। यसका लागी रु ५ लाख बजेट विनियोजन गरेको छु ।

## सहकारी, उद्यमशिलता विकास र रोजगार प्रवर्द्धन

४०.स्थानीय उत्पादन तथा कच्चा पदार्थमा आधारित लघु उद्यमि, फर्म, समुह एंव सहकारीहरुको क्षमता विकास गरिनुका साथै प्रविधिको हस्तान्तरण गरिने छ ।

४१.स्थानीय स्तरमा उपलब्ध कच्चा पदार्थ अल्लो र हेमलाई प्रशोधन गरी विभिन्न वस्तुको निर्माण र बजारीकरणमा सहयोग गरिनेछ ।

४२.स्थानीय स्तरमा उपलव्ध ढटेलो र भाङ्गोबाट उत्पादित तेल, गान्टे मुला (चोतो) बाट उत्पादित अचार, सिन्की, गुन्द्रुक र चाना, कुएलीको जुस उत्पादन, तथा कोदो र जौबाट उत्पादित वस्तुहरुको व्रान्डिङ्ग, लेवलिङ्ग, गुणस्तर निधारण र वजारीकरण गरी स्थानीय आर्थिक विकासलाई सवलीकरण गरिनेछ । यसका लागी रु ५ लाख बजेट विनियोजन गरेको छु ।

४३.वैदेशिक रोजगारी, आंशिक रोजगारी तथा बेरोजगार व्यक्तिको तथ्याङ्क संकलनका साथै वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरूलाई पुनः एकीकरणका साथ सार्वजनिक तथा निजी क्षेत्रसँग समन्वय गरी रोजगारका अवसरको खोजी गरिनेछ ।

४४.आयोजना बैंक र कामदार संग भएको सीपको नक्साङ्नका आधारमा श्रमिक सीप बैंकको स्थापना गरी सञ्चालन हुने आयोजनाहरुमा श्रमिक सीप बैंकबाट दक्षताका आधारमा कामदारको छनौट गरिनेछ ।

४५. गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम मार्फत आयआर्जन अभिवृद्धि गर्न उद्यमी छनौट, सीप विकास तालिम, उद्यमीहरुको स्तरोन्नती र व्यवसायिक प्रबर्द्धन गर्ने कार्यक्रम व्यवहारिक रुपमा कार्यान्वयन हुने गरी सञ्चालन गरिनेछ । यसका लागी रु ५ लाख विनियोजन गरेको छु ।

## पूर्वाधार विकासः

### खानेपानी तथा सरसफाई

४६.एक घर एक खानेपानी धाराको अवधारणा अन्तर्गत मष्टा गाउँपालिका वडा न ६ सीमपानीखाल झाडगाउँ रिलु खानेपानी तथा सरसफाई योजना सचालनका लागी रु १ करोड

विनियोजन गरेको छु भने उक्त खानेपानी आयोजनालाई थप प्रभावकारी वनाउनका लागी कादुरी संस्था सँगको साझेदारीमा सचालन गरिने छ ।

४७.खानेपानी सेवालाई नियमित तथा दिगो रुपमा सञ्चालन गर्नका लागि नियमित मर्मत सम्भार कोषको स्थापना र खानेपानी, तथा सरसफाई स्वच्छताका लागि गाउँपालिका स्तरमा खानेपानी तथा सरसफाई स्वच्छता वोर्ड गठन गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु ।

**भवन, सडक तथा पुल**

४८.गाउँपालिका जोड्ने पक्की सडक (ढुग्री, लेकी, खेतकोट, उकाली, भातेखोला धामीगाउँ) र उक्त सडकमा पर्ने पक्की पुल (सेती नदी कपड्या, ढुग्री, धनाघाट, रीलु) छिटो निर्माणका लागी सरोकारबाला निकायसँग आवस्यक पहल गरिने छ।

४९.ढुग्री— रनाडा—भूसिया सडक, ढुग्री—तपवन—तलकोट सडक, तपवन—रिलु—घोडिलेक सडक लाडिगाड भतेली मानाकोट सडक र उकाली बाडेगाउँ लटौन सडकको स्तरोन्नती तथा निर्माणको व्यवस्था मिलाइने छ । यसका लागी रु १ करोड २० लाख बजेट विनियोजन गरेको छु ।

५०.नागरिकहरुको आवतजावतमा सहजता ल्याउन खिकाली गाड झो.पु, निर्माण सम्पन्न गर्नका लागी रु ३३ लाख बजेटको व्यवस्था मिलाएको छु। कादुरी नेपाल संस्था सँगको साझेदारीमा द्वारीगाड झोलुङ्गे पुल, दोगाडे झोलुङ्गे पुल निर्माण गरिने छ भने पातलगडा, घट्टेवगर, झोलुङ्गे पुलको सम्भाव्यता अध्ययनको व्यवस्था मिलाइने छ ।

५१.पालिकाको आफ्नै सुविधासम्पन्न प्रशासकीय भवन नहुँदा सेवा प्रवाहमा पारिरहेको कठिनाईलाई मध्यनजर गर्दै, निर्माणधीन प्रशासकीय भवनको बाँकी काम यसै आर्थिक वर्षभित्र सम्पन्न गरी सेवा सञ्चालन गर्न उच्च प्राथमिकताका साथ बजेटको व्यवस्था मिलाएको छु। यसका लागि रु १ करोड ४६ लाख बजेट विनियोजन गरेको छु। साथै भवनको सुरक्षित घेरबारका लागि प्रदेश सरकार र स्थानीय सरकारको बजेट गरी रु ६६ लाख ६ हजार बजेटको सुनिश्चितता गरेको छु।

५२.मष्टा गाउँपालिका वडा न ६ र ७ मा निर्माणधिन अवस्था रहेको कुसेलाटा बुकाडाँडा सिँचाई कुलो समयमै सम्पन्न गर्नको लागि संघीय सरकारको ८० प्रतिशत रु १ करोड ४३ लाख र

पालिकाको २० प्रतिशतले हुन आउने रकम रु ३५ लाख  गरी जम्मा रु १ करोड ७८ लाख बजेटको व्यवस्था मिलाएको छु ।

५३.आगामी आर्थिक वर्षका लागि प्रदेश सरकार बाट यस स्थानीय तहलाई शसर्त अनुदान अन्तरगत विभिन्न आयोजना तथा विकास निर्माणका कार्यक्रमहरु संचालन गर्न कुल रु ५ करोड वित्तीय हस्तान्तरण भई प्राप्त भएको छ। उक्त अनुदान रकम लाई प्रदेश सरकारको मार्गदर्शन, तोकिएका सर्तहरु र स्थानीय आवस्यकताका आधारमा कार्यान्वयनमा ल्याई तोकिएको समय भित्रै चुनौतिपूर्ण लक्षहरु हासिल गर्न नतिजामुखि ढंगले योजनाहरु कार्यान्वयन गरिने प्रतिवद्दता व्यक्त गर्दछु।

**उर्जा र सञ्चार**

५४.मष्टा गाउँपालिकालाई अध्यारो मुक्त र उज्यालो युक्त गाउँपालिकाको अभियानको लक्ष्यलाई पुरा गर्न मष्टा गाउँपालिकामा राष्ट्रिय प्रसारण लाईनको विस्तार कार्य सम्पन्न गरिनेछ । यसका लागी रु ३० लाख बजेट विनियोजन गरेको छु ।

५५.आधुनिक विज्ञान र प्रविधिको युग अनुकुल अगाडि वढ्नका लागि पालिकाका सवै वडाहरुमा अप्टिकल फाइवर लाईनलाई विस्तार गरिने छ । यसका लागी रु १० लाख बजेट विनियोजन गरेको छु ।

**वन, वातावरण तथा विपद् व्यवस्थापन**

५६.विपद् पुर्व तयारी तथा प्रतिकार्य योजना र जोखिम न्युनीकरण गर्न स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्रलाई व्यवस्थित गरी समुदायमा विपद् पुर्वतयारी र खोज उद्धार राहत सामाग्रीको पुर्व भण्डारण गरिनेछ।

५७.वन उपभोक्ता समित सगंको सहकार्यमा वन तथा वातावरण सम्वन्धित कार्यक्रमहरु संचालन गर्दा जैविक विविधता संरक्षण,जलवायु परिवर्तन अनुकुल गरिबी तथा विपन्न वर्गको जिविकोपार्जनमा मद्धत पुर्याउने कार्यक्रमहरुलाई विशेष प्रथामिकता दिईनेछ। यसका लागी रु ५ लाख बजेट विनियोजन गरेको छु ।

## सुशासन तथा संस्थागत विकास

५८.गाउँपालिकाले प्रवाह गर्ने सेवा र सुविधा प्रवाहमा डिजिटलको प्रयोग मार्फत छिटो, छरितो, पारदर्शि र मितव्ययी वनाइनेछ । राजश्व, योजना, लेखा, सामाजिक सुरक्षा भत्ता, कार्यालय संचालन सामाग्री खरिद प्रक्रिया, वोलपत्र आदि अनलाईन माध्यामबाट गराउने व्यवस्था मिलाएको छु ।

५९.सामाजिक जवाफदेहिता तथा सुशासन प्रवद्र्धनका लागि नागरिक वडापत्र, सोधपुछ कक्ष, गुनासो व्यवस्थापन, सार्वजनिक सुनुवाई, हटलाईन संयन्त्रको निर्माण, कार्यविधिको परिमार्जन र सोको प्रभावकारी कार्यान्वयन गराइनेछ ।

६०.गाउँपालिमा उत्कृष्ट काम गर्ने कर्मचारीलाई उत्कृष्ट कर्मचारी अवार्ड, विद्यालयका शिक्षक तथा प्रधानाध्यापकलाई मष्टादेव शैक्षिक अवार्डबाट सम्मानित गर्ने व्यवस्था मिलाइने छ । माथिका कार्य गर्नका लागि रु २ लाख बजेट विनियोजन गरेको छु ।

## न्यायिक समिति

६१.सामुदायिक मेलमिलाप केन्द्रलाई व्यवस्थित बनाउदै सबै वडा कार्यालयहरुमा स्थापना भई सञ्चालनमा रहेका मेलमिलाप केन्द्रहरुलाई स्तरोन्नति गरी विवाद निरुपण कार्यलाई थप प्रभावकारी बनाइनेछ । यसका लागी रु ५ लाख बजेट विनियोजन गरेको छु ।

## सूचना प्रविधि

६२.आम नागरिकलाई डिजिटल साक्षरता अभियान अन्रतगत स्थानीय नागरिक, कर्मचारी, जनप्रनिनिधि, स्वास्थ्य संस्था, विद्यालय लगायत सेवाप्रवाहसँग सम्वन्धित पक्षहरुलाई लक्षित गरि डिजिटल साक्षरता सम्वन्धी कार्यक्रम लागु गरिनेछ ।

६३.डिजिटल पालिका, प्रविधिमैत्री पालिका अनुरुप पालिकाको मोवाईल एप्स सञ्चालन गरि सेवा प्रवाहलाई एकीकृत गरिनेछ ।

६४.पालिकाबाट प्रदान गरिने सेवाहरु तथा सूचनाहरु अनलाइनमार्फत प्रशारण गरिनेछ र वडा कार्यालयबाट उपलव्ध हुने सेवा सुविधालाई विद्युतीय प्रणालीबाट अझ प्रभावकारी बनाइनेछ।

६५. गाउँपालिका र अन्तर्गतका वडा कार्यालय, स्वास्थ्य संस्थाहरुमा अनिवार्य ई-हाजिरीको व्यवस्था गरिनेछ भने विद्यालयहरुमा क्रमशः विस्तार गरिनेछ ।

## योजना अनुगमन तथा संस्थागत विकास

६६.गाउँ योजना तथा आयोजनाको प्रभावकारी कार्यान्वयनका लागि योजनाहरुलाई सूचकमा आधारित अनुगमन र सुपरिवेक्षण गर्ने व्यवस्था मिलाइनेछ ।

६७. योजनाको सम्भाव्यता अध्ययन, डिजायन, नक्साङ्कन, इस्टिमेट, उपभोक्ता समिति गठन र वोलपत्रको सूचना प्रकाशन भदौ मसान्त भित्र गरि सक्नु पर्नेछ ।

## अन्त्यमा

प्रस्तुत बजेट निर्माण प्रक्रियामा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग पुर्याउनु हुने गाउँपालिका अध्यक्ष, गाउँसभा सदस्य, राजनीतिकदलका प्रतिनिधि एवं राजनीतिज्ञ, निजि क्षेत्र, विकास सहयात्री लगायत गाउँवासी दाजुभाई तथा दिदीबहिनी लगायत अहोरात्र खटिने गाउँपालिकाका सप्पूर्ण कर्मचारी मित्रहरु लाई हार्दिक धन्यवाद् ज्ञापन गर्दछु।

धन्यवाद

हर्क धामी

गाउँपालिका उपाध्यक्ष

मष्टा गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

भातेखोला, बझाङ्ग

मिति २०८३ असार ०९ गते मंगलबार